आज मिति २०८२ साल श्रावण २९ गतेका दिन यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

<u>तपशिलः</u>

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरै तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

प्रस्तावहरुः

१. जनस्वास्थ्य अधिकृतको विज्ञापन सम्बन्धमा ।
२. नगर प्रहरीको विज्ञापन सम्बन्धमा ।
३. परामर्श सेवा खरिद सम्बन्धमा ।

निर्णय नं. १ माथि छलफल गर्दा संघीय सरकारको आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तह अन्तर्गत म स्वस्थ. मेरो समुदाय स्वास्थ्यः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस नगरपालिकामा जनस्वास्थ्य अधिकृत (अधिकृतस्तर सातौं ) तहको सेवा करारमा पदपुर्तिका लागि विज्ञापन गर्ने निर्णय सर्वसहमतिले गरियो ।

निर्णय नं. २ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको नगर प्रहरी सेवामा १६ औं नगर सभाबाट स्वीकृत दरबन्दि बमोजिम रास्कोट नगरपालिकाको नगर प्रहरी ऐन, २०७९, नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०७९ (संशोधन सहित) को परिधि भित्र रहि नगर प्रहरीका तपशिलका पदहरुमा पदपुर्ति गर्न विज्ञापन गर्ने निर्णय पारित गरियो ।

तपशिलः

| क्र.स. | पद | माग पद संख्या | कै. |
|---|---|---|---|
| १. | नगर प्रहरी हवल्दार | २ (दुई) | |
| २. | नगर प्रहरी जवान | ९(नौ) जना | |
| ३ | नगर प्रहरी भान्से | १ (एक) | |

निर्णय नं. ३ रास्कोट नगरपालिकाको भु-उपयोग क्षेत्र वर्गिकरण , रोकिएको जग्गाको कारोवार तथा कित्ताकाट समस्यालाई समाधान गर्न यस आ.व. मा विनियोजित भएको परामर्श सेवा शिर्षकमा विनियोजित बजेटबाट रास्कोट नगरपालिकाको भु-उपयोग वर्गिकरण सम्बन्धि खरिद कार्य अगाडी बढाउने निर्णय गरियो ।